# प्रति विद्यार्थी एकाइ लागत (Per Capita Funding) को आधारमा अनुदान व्यवस्थापन निर्देशिका, २०६४

**प्रस्तावनाः**

विद्यालयमा अध्ययनरत सबै बालबालिकाले समान रुपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्न सरकारबाट अनुमति प्राप्त गरी हालसम्म समुदायद्वारा सञ्चालन भइरहेका र समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका सामुदायिक विद्यालयहरुका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिलाई स्रोत उपलब्ध गराउने उद्देश्यले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा नियमावली २०५९ को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १

## सङ्क्षिप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम "**प्रति विद्यार्थी एकाइ लागत (Per Capita Funding) का आधारमा विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०६४**" रहेको छ ।

१.२ यो निर्देशिका परिच्छेद ३ मा लेखिएको अवस्थाको परिधिभित्र रही प्रारम्भ हुनेछ ।

१.३ यो निर्देशिका समुदायद्वारा सञ्चालन भइरहेका र समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका सामुदायिक प्राथमिक विद्यालयहरुमा लागु हुनेछ ।

१.४ विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१.४.१ "**मन्त्रालय**" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ ।

१.४.२ "**विभाग**" भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

१.४.३ "**विद्यालय**" भन्नाले प्रति विद्यार्थी एकाइ लागत अनुदान पाउने १.३ अनुसारका सामुदायिक विद्यालय सम्झनुपर्छ ।

१.४.४ "**प्रति विद्यार्थी एकाइ लागत**" भन्नाले शिक्षकको शुरु तलब स्केललाई हिमालमा ४० जना, पहाडमा ४५ जना र तराई एवम् काठमाण्डौं उपत्यकामा ५० जना विद्यार्थीले भाग गर्दा आउने लागतलाई सम्झनुपर्दछ । अर्थात हिमालमा एक शिक्षक बराबर ४० जना, पहाडमा एक शिक्षक बराबर ४५ जना र तराई एवम् काठमाण्डौ उपत्यकामा एक शिक्षक बराबर ५० जना विद्यार्थी सङ्ख्यालाई आधार मानी उपलब्ध शिक्षक सङ्ख्यालाई हिसाब गरी सो अनुपातभन्दा बढी भएका विद्यार्थी सङ्ख्याको लागि र शिक्षक दरवन्दी नभएमा सबै विद्यार्थीहरुका लागि प्रति विद्यार्थी एकाइ लागत उपलब्ध गराउन सकिनेछ ।

१.४.५ "**अनुमति प्राप्त विद्यालय**" भन्नाले स्थायी शिक्षक दरबन्दी स्वीकृत नभई कुनै पनि किसिमको सरकारी अनुदान नपाएका वा राहत वा अन्य नामबाट मात्र सरकारी सहयोग पाइरहेका सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

१.४.६ "**स्वीकृति प्राप्त विद्यालय**" भन्नाले सरकारी स्तरबाट स्थायी शिक्षक दरबन्दीको लागि अनुदान प्राप्त विद्यालय सम्झनुपर्छ । यस अन्तर्गत आवश्यक पुरै शिक्षककोलागि दरवन्दि अनुदान पाएका वा आंशिक अनुदान पाएका विद्यालय समेत पर्नेछन् ।

१.४.७ "**पूर्णकालीन शिक्षक**" भन्नाले पूरा तलव पाउने गरी स्थायी, अस्थायी वा करारको शर्तनामा बमोजिम पारिश्रमिक पाउने गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरेको शिक्षक सम्झनुपर्छ ।

१.४.८ "**आंशिक शिक्षक**" भन्नाले सेवा दिएको समय वा निश्चित समय (घण्टी) को आधारमा पारिश्रमिक पाउने गरी विद्यालयले नियुक्ति गरेको शिक्षक सम्झनुपर्छ ।

## परिच्छेद २

## उद्देश्य

२.१ यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

२.१.१ विद्यालयमा दिइने अनुदानलाई विद्यार्थी सङ्ख्यामा आधारित गर्नु ।

२.१.२ सामाजिक न्यायका आधारमा पारदर्शी रुपमा विद्यालयलाई अनुदान वितरण गर्नु ।

२.१.३ विद्यालय अनुदान वितरणमा एकरुपता कायम गर्नु ।

२.१.४ शिक्षक दरवन्दीको अभावबाट विद्यार्थीको पठनपाठनमा परेको प्रभावलाई कम गर्नु ।

## परिच्छेद ३

## प्रति विद्यार्थी एकाइ लागत अनुदान निर्धारण गर्ने आधार

३.१ विद्यालयहरुलाई प्रति विद्यार्थी एकाइ लागत अनुदान उपलब्ध गराउँदा विद्यार्थी सङ्ख्यालाई मुख्य आधार मानिने छ । विद्यार्थी सङ्ख्या बढेमा अनुदान रकम बढ्ने र विद्यार्थी सङ्ख्या घटेमा विद्यालयले पाउने अनुदानको रकम घट्नेछ ।

३.२. प्रति विद्यार्थी एकाइ लागत हिसाब गर्दा हिमाली, पहाडी र तराई एवम् काठमाण्डौ उपत्यका क्षेत्रमा प्रति शिक्षक क्रमश: ४०, ४५ र ५० विद्यार्थी सङ्ख्याको दरले हिसाब गरी सो को अनुपातमा बढी देखिएका विद्यार्थीहरुको लागि सेवा पुऱ्याउन शिक्षक राख्नको लागि प्रति विद्यार्थी हिमाली क्षेत्रमा वार्षिक रु. २०४१/-, पहाडी क्षेत्रमा रु. १८१४/- तथा तराई एवम् काठमाण्डौ उपत्यका क्षेत्रमा रु. १६३३/-, का दरले हिसाब गरिनेछ ।

३.३ प्राथमिक तहमा देहाय बमोजिमका विद्यालयहरुले प्रति विद्यार्थी एकाइ लागत अनुदान प्राप्त गर्न सक्नेछन् :

३.३.१ वि.सं. २०६३ चैत्र मसान्तसम्म अनुमति प्राप्त गरेका शिक्षक दरवन्दी वा राहत अनुदानको नामबाट अनुदान नपाएका सामुदायिक प्राथमिक विद्यालयहरुलाई प्रति विद्यार्थी निर्देशिकाको खण्ड ३.२ बमोजिमका दरले एकमुष्ठ अनुदान दिइनेछ ।

३.३.२ खण्ड ३.३.१ बमोजिमको विद्यालय बाहेक राहत अनुदानमात्र पाएका अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरुमा हालको राहत अनुदानमध्ये प्रति राहत अनुदान हिमाली, पहाडी र तराई तथा काठमाण्डौ उपत्यका क्षेत्रमा क्रमश: ४०, ४५ र ५० विद्यार्थी सङ्ख्याको दरले हिसाब गरी सो अनुपात भन्दा बढी देखिएका विद्यार्थीहरुको लागि सेवा पुऱ्याउन शिक्षक राख्नको लागि खण्ड ३.२ मा उल्लेख भए बमोजिमका दरले एकमुष्ठ अनुदान दिइनेछ ।

३.३.३ समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका सामुदायिक प्राथमिक विद्यालयहरुका हकमा स्वीकृत प्राप्त दरबन्दी र राहत अनुदान पाएको भए सो समेतको सङ्ख्याबाट सेवा पाउने विद्यार्थी सङ्ख्या प्रति शिक्षक हिमाली, पहाडी र तराई एवम् काठमाण्डौ उपत्यकामा क्रमश ४०, ४५ र ५० विद्यार्थी सङ्ख्याको हिसाब गरी सो अनुपात भन्दा बढी देखिएका विद्यार्थीहरुका लागि सेवा पुऱ्याउन शिक्षक राख्नको लागि खण्ड ३.२ मा उल्लेख भए बमोजिमका दरले अनुदान दिइनेछ ।

३.२.४ प्रति विद्यार्थी एकाइ लागत अनुदान गणना गर्दा प्राथमिक तहको शिक्षकको शुरु तलबस्केललाई आधार मानिनेछ ।

३.२.५ प्रति विद्यार्थी एकाइ लागत गणनाको प्रयोजनका लागि पहिलो पटकको लागि वि.सं. २०६३ सालको अन्तिम परीक्षामा सम्मिलित भएको विद्यार्थी सङख्यालाई आधार मानिनेछ । कक्षा १ को हकमा सो कक्षाहरुमा वि. सं. २०६४ सालमा भएका विद्यार्थी भर्नाको ७५% विद्यार्थी सङ्ख्यालाई आधार मानी गणना गरिनेछ ।

## परिच्छेद ४

## प्रति विद्यार्थी एकाइ लागत अनुदान पाउनका लागि शर्त

४.१ प्रति विद्यार्थी अनुदान पाउनका लागि विद्यालयले देहायबमोजिमको शर्त पालना गर्नुपर्नेछ ।

४.१.१ विद्यालयले आफ्नो सेवा क्षेत्रभित्र रहेका विद्यालय भर्ना हुन बाँकी बालबालिकाहरु खासगरी गरिव तथा विपन्न समुदायका छात्र, छात्रा, अपाङग आदिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी उनीहरुलाई विद्यालयमा भर्ना गर्ने कार्ययोजनासहितको विद्यालय सुधार योजना तयार गर्नुपर्नेछ ।

४.१.२ विद्यालयमा भर्ना भएको बालबालिकाको कम्तीमा पनि ९० प्रतिशत नियमित उपस्थिति गराउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

४.१.३ विद्यालयको अन्तिम परीक्षाको नतिजा ८० प्रतिशतमा नघट्ने गरी कायम गर्न आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद ५

## विभिन्न निकायको काम, कर्तव्य र अधिकार

५.१ प्रति विद्यार्थी एकाइ लागत अनुदान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न देहायका निकायको काम, कर्तव्य अधिकार देहायबमोजिम हुनेछ ।

**५.१.१ मन्त्रालयः**

क. स्रोत व्यवस्थापन र समन्वय गर्ने ।

ख. कार्यक्रमको प्रणालीगत रुपमा अनुगमन गर्ने र उपलब्धिको समीक्षा एवम् विश्लेषण गर्ने ।

ग. कार्यक्रममा नीतिगत सुधार र कार्यक्रमगत परिमार्जन गर्ने तथा मातहतका निकायलाई आवश्यक निर्देशन दिने ।

**५.१.२ शिक्षा विभागः**

क. प्रति विद्यार्थी एकाइ लागत अनुदान उपलब्ध गराउनुपर्ने जिल्ला र विद्यालय तोक्ने ।

ख. विद्यार्थी सङ्ख्याको विवरण अद्यावधिक गरी राख्ने ।

ग. जिल्लागत रुपमा कार्यक्रम निर्माण गरी अुनदान उपलब्ध गराउने ।

घ. उपलब्धीको अनुगमन गर्ने ।

ङ. प्रति विद्यार्थी एकाइ लागत अनुदानबारेमा पर्न आएका अनियमिततासम्बन्धी उजुरीहरुको सुनुवाइ र कारवाही गर्ने ।

**५.१.३ क्षेत्रीय शिक्षा निर्देशनालयः**

क. कार्यक्रम नियमित रुपमा अनुगमन गरी सो को प्रतिवेदन शिक्षा विभागमा पठाउने ।

ख. उपलब्धीको अनुगमन गर्ने ।

**५.१.४ जिल्ला शिक्षा कार्यालयः**

क. प्रति विद्यार्थी एकाइ लागत अनुदान पाउने विद्यालयहरुको पहिचान गर्ने ।

ख. विद्यार्थीहरुको विवरण सङ्कलन गर्ने ।

ग. विद्यालय र विद्यार्थीको विवरण सहित शिक्षा विभागमा रकम माग गर्ने ।

घ. प्रक्रियागत रुपमा रकम निकासा दिने ।

ङ. विद्यालयले पठाएको विवरण अनुसार विद्यार्थी सङ्ख्या भए नभएको, रकमको सही रुपमा प्रयोग भएनभएको अनुगमन गर्ने ।

च. विद्यालयहरुबाट प्रगति प्रतिवेदन लिई क्षेत्रीय शिक्षा निर्देशनालय तथा विभागमा पठाउने ।

छ. मन्त्रालय, विभाग र क्षेत्रीय शिक्षा निर्देशनालयले तोकेका अन्य काम गर्ने ।

५.१.५ **विद्यालय र विद्यालय व्यवस्थापन समितिः**

क. विद्यालय सेवा क्षेत्रमा रहेका तर विद्यालयमा भर्ना नभएका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना गराउन घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिका भर्ना गर्ने लक्ष्य किटान गरी विद्यालय सुधार योजना तयार गर्ने ।

ख. तोकिएको मितिभित्र विद्यालय भर्ना भएका बालबालिकाको विवरण तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

ग. विद्यालयमा भर्ना भएका बालबालिकाको नियमित उपस्थिति गराउनको लागि विभिन्न कार्यक्रमहरु तयार गर्ने । विद्यालयमा टिकाई राख्न र उत्कृष्ट सिकाईउपलब्धिका लागि योजनाबद्ध कार्यक्रम कार्यान्वयन गर्ने ।

घ. कार्यक्रमको प्रगति विवरण तोकिएको फारामको ढाँचामा तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

ङ. शिक्षा नियमावलीमा व्यवस्था भएबमोजिम विद्यालयको सामाजिक परिक्षण र आर्थिक लेखा परिक्षण गराई सोको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

च. यस कार्यक्रम अन्तर्गत पूर्णकालिक वा आंशिक शिक्षक नियुक्ति गर्न आफ्नो विद्यालयको विनियममा व्यवस्था गरी जिल्ला शिक्षा समिति /जिल्ला शिक्षा कार्यालयबाट स्वीकृत गरी लागू गर्ने ।

## परिच्छेद ६

## विविध

६.१. **निर्देशिकामा संशोधनः**

६.१.१ शिक्षा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्नेछ ।

६.१.२ शिक्षा ऐन तथा नियमावलीसँग बाझिएको हकमा शिक्षा ऐन तथा नियमावली नै लागु गरिनेछ ।

*अनुसूची १*

**प्रति विद्यार्थी लागत निर्धारण आधार**

| तह | सुरु तलव स्केल | १२ महिना र चाडपर्व खर्चसमेतको जम्मा तलव | प्रति विद्यार्थी एकई लागत | | |
|---|---|---|---|---|---|
| | | | हिमाल | पहाड | तराइ एवम् काठमाण्डौ उपत्यका |
| प्राथमिक | ६२८० | ८१६४० | २०४१ | १८१४ | १६३३ |

**नोटः**

१. प्रति विद्यार्थी एकाइ लागत अनुमान २०६४ साल श्रावण महिनाको शिक्षक तलवमानमा गणना गरिएको छ ।

२. प्रति विद्यार्थी एकाइ लागत अनुदान निकाल्दा शिक्षक विद्यार्थी अनुपात हिमालमा १:४०, पहाडमा १:४५ र तराई एवम् काठमाण्डौ उपत्यकामा १:५० कायम गरिएको छ ।

३.यो निर्देशिका समुदायद्वारा सञ्चालन भई रहेका र समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका सामुदायिक प्राथमिक विद्यालय/तहहरूमा लागू हुनेछ ।